# मेचीनगर नगरपालिका,

# नगर कार्यपालिकाको कार्यालय, झापा

# प्रदेश नं. १, नेपालको

## सेवाबाट अलग हुन चाहने कर्मचारीले लिखित निवेदन दिने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मिति : <u>२०७७।०२।१९</u>

यस मेचीनगर नगर कार्यपालिकाको मिति २०७७।०२।०५ गतेका दिन बसेको बैठकबाट देहायानुसार निर्णय भएकोले यस कार्यालयमा कार्यरत यस निर्णयसँग सरोकार राख्ने कर्मचारीहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । २०७७ सालभित्र कानुनअनुसारको उमेर हद (५८ वर्ष पूरा नहुने) नपुग्ने कर्मचारीले आ. व. २०७७।०७८ भित्र सेवाबाट अलग हुने भएमा यो सूचना प्रकाशन भएको मितिले १ महिनाभित्र सेवाबाट अलग हुने सम्बन्धी लिखित निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अन्यथा निर्णयानुसार मात्र हुने व्यहोरा समेत यसै सूचनाबाट सरोकारवाला सबैको लागि जानकारी गराइएको छ ।

**<u>निर्णय नं. ४.</u>** मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा साविक अन्य सेवा (स्थानीय निकाय) मा स्थायी नियुक्ति भई स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ८५ को उपदफा (३) तथा कर्मचारी समायोजन ऐन, २०७५ अनुसार यस नगर कार्यपालिकाको कार्यालयमा समायोजन भई कार्यरत कर्मचारीहरुमध्ये वि. सं. २०७७ भित्र कानुनअनुसारको उमेर हद पूरा नहुने (५८ वर्ष उमेर पूरा नहुने) भएपनि सेवाबाट अलग हुन चाहने कर्मचारीहरुलाई १ महिनाको सूचना दिई कार्यालयमा लिखित निवेदन दिन सार्वजनिक सूचना प्रकाशन गरी प्राप्त हुने लिखित निवेदनको आधारमा रिक्त हुने देखिएको पदमा १ नं. प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति व्यवस्थाको लागि १ नं. प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, विराटनगर, मोरङमा पदपूर्ति मागआकृति फारम भरि पठाउने व्यवस्था गर्न तथा उल्लिखितअनुसारको लिखित निवेदन नपरेको हकमा कानुनअनुसारको उमेर हद पूरा नभई राजीनामा स्वीकृतिका लागि पेश हुने निवेदनउपर आ. व. २०७७।०७८ भरि कुनै पनि कार्यवाही (स्वीकृति वा सिफारिस) नगरिने व्यहोरा समेत सबै कर्मचारीहरुलाई जानकारी गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**मेचीनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, झापा**